मिति २०८२ जेठ २७ गते बसेको गाउँ कार्यपालिकाको बाह्रौं बैठक

आज मिति २०८२/०२/२७ गते मंगलबारका दिन यस सुनकोशी गाउँपालिकाका अध्यक्ष श्री टपिन्द्र प्रसाद तिमल्सिनाको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारी तथा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बाह्रौं बैठक बसी देहायका विषयमा छलफल गरी तपसिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | पदाधिकारीको नाम | हस्ताक्षर |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | टपिन्द्र प्रसाद तिमल्सिना | |
| २. | गाउँपालिका उपाध्यक्ष | कान्छी लामा | |
| ३. | वडा अध्यक्ष | कुमार शाही | |
| ४. | वडा अध्यक्ष | पूर्णबहादुर महत | |
| ५. | वडा अध्यक्ष | ईश्वर तामाङ | |
| ६. | वडा अध्यक्ष | भोजलाल श्रेष्ठ | |
| ७. | वडा अध्यक्ष | जालबहादुर तामाङ | |
| ८. | वडा अध्यक्ष | चक्रबहादुर बस्नेत | |
| ९. | वडा अध्यक्ष | ईश्वर तिमल्सिना | |
| १०. | का.पा. सदस्य | पुतली कामी | |
| ११. | का.पा. सदस्य | कमला रोक्का | |
| १२. | का.पा. सदस्य | कौशल्या सापकोटा | |
| १३. | का.पा. सदस्य | मसली सार्की | |
| १४. | का.पा. सदस्य | राजेन्द्र धतानी | |
| १५. | का.पा. सदस्य | गृवेन्द्र माझी | |
| १६. | सचिव | दिकेश प्रजापती | |

**आमन्त्रीत उपस्थिति**

| | | | |
|---|---|---|---|
| १. | अधिकृत स्तर छैठौं | युगबहादुर खड्का | |

मिति २०८२ जेठ २७ गते बसेको गाउँ कार्यपालिकाको बाह्रौं बैठक

**गाउँ कार्यपालिकाको बाह्रौं बैठकको कार्यसूचि**

१. अघिल्लो गाउँ कार्यपालिका बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा ।

२. सेवा प्रवाह मापदण्ड सम्बन्धमा ।

३. बढुवा नियुक्ति सम्बन्धमा ।

४. आगामी गाउँसभा तयारी सम्बन्धमा ।

५. शिर्षक रकमान्तर सम्बन्धमा ।

६. प्रदेश समपुरक अनुदान तथा वडा पालिका समपुरकमा संचालन हुने आयोजनाको कार्यान्वयन सम्बन्धमा ।

७. भेरियसन आदेश स्वीकृत सम्बन्धमा ।

८. विविध ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा एघारौं गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको प्रगति समीक्षा गरियो । अधिकांश निर्णय कार्यान्वयन सन्तोषजनक रुपमा भइसकेको बाँकी निर्णयहरु समेत कार्यान्वयनको चरणमा रहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा विधायन समितिबाट स्वीकृतिको लागि पेश हुन आएको सुनकोशी गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह मापदण्ड २०८२ लाई स्वीकृत गरि राजपत्रमा प्रकाशनको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, हेटौंडा, नेपालको पत्र सङ्ख्या- क.प्र/३/२/२०८१/०८२ चलानी नं. १८१६ र मिति २०८१/१०/२२ गतेको पत्रानुसार प्रदेश लोकसेवा आयोग, बागमती प्रदेशको बढुवा सूचना नं. ९७/०८०-८१ अनुसार स्थानीय इन्जिनियरिङ्ग सेवा, जनरल सिभिल समूह, इन्जिनयर/सातौं तहमा जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाका लागि बढुवा समितिको निर्णय अनुसार यस गाउँपालिकामा सिफारिस हुनु भएको श्री कुमार प्रसाद सापकोटा लाई मिति:२०८१/१०/०२ गतेदेखी जेष्ठता लागू हुने गरी स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ बमोजिम स्थानीय तहको सातौं तह वा सो भन्दा माथिल्लो तहमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले नियुक्ती व्यवस्था भए बमोजिम उक्त पदमा निजलाई बढुवा नियुक्ती गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०८२/८३ को लागि नीति तथा कार्यक्रम, बार्षिक बजेट उपर छलफलको लागि गाउँ कार्यपालिका बैठक असार ३ गते र गाउसभाको छैठौं अधिवेशन असार ६ गते बोलाउने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा गाउँ सभाको अधिवेशनबाट यस आर्थिक बर्ष २०८१/०८२ को लागि विनियोजित बजेटबाट केही शीर्षकमा विनियोजन भए भन्दा बढी खर्च भइसकेको र केही शीर्षकमा



CamScanner

मिति २०८२ जेठ २७ गते बसेको गाउँ कार्यपालिकाको बाह्रौं बैठक

खर्च हुन नसकेको अवस्थाका कारण कार्यालयको दैनिक कार्य सम्पादनमा समेत असर पुग्न सक्ने देखिएकोले देहाय बमोजिम खर्च हुन नसकेका शीर्षकबाट घटाई देहाय बमोजिम खर्च नपुग हुने शीर्षकमा रकम थप गरी बजेट कार्यान्वयन गर्ने कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | विनियोजन बढी खर्च कम भएका | | | विनियोजन घटी खर्च बढी भएको | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | शीर्षक | घटाउनु पर्ने रकम | घटाए पश्चात कायम हुने रकम | शीर्षक | थप गर्नु पर्ने रकम | थप पश्चात कायम हुने रकम | |
| १. | मेलमिलाप तथा माकुरा समूहको परिचालन | ५०,०००।- | ५०,०००।- | न्यायीक समिति व्यवस्थापन तथा बैठक खर्च | ५०,०००।- | १,५०,०००।- | |
| २. | मेलमिलाप सम्बन्धी आठ दिवशीय आधारभूत तालिम | ४,००,०००।- | ० | अपाङ्गता दिवस कार्यक्रम | ३६०००।- | ३६,०००।- | |
| ३. | कानूनी सचेतना सम्बन्धी कार्यक्रम | १,००,०००।- | ० | सन्देश मुलक सूचना प्रकाशन तथा प्रशारण खर्च | २०००००।- | ५,००,०००।- | |
| ४. | कर्मचारी बैठक | २,५०,०००।- | १५,००,०००।- | भ्रमण खर्च | २०००००।- | १७,००,०००।- | |
| ५. | संचाल महशुल | १,००,०००।- | ४,००,०००।- | विविध खर्च | ५००००।- | ७,५०,०००।- | |
| ६. | अन्य मालसामान | २,००,०००।- | ३,००,०००।- | विपद् व्यवस्थापन | २६४०००।- | ४१,६४,०००।- | |
| ७. | वडा संचालन | १,५०,०००।- | २०,५०,०००।- | मर्मत सम्भार खर्च | ५२७०००।- | ३५,२७,०००।- | |
| ८. | सार्वजनिक सुनुवाई | १,००,०००।- | ० | कार्यालय सञ्चालन खर्च | ४०००००।- | ३२,००,०००।- | |
| ९. | सवारी साधन तथा मेसिनरी औजार | १,००,०००।- | २,००,०००।- | | | | |
| १०. | भैसे खानेपानी योजना | १,००,०००।- | ० | | | | |
| ११. | ढाडाँटोल सुबेदारटोल पैदल मार्ग | १,२७,०००।- | १,२३,०००।- | | | | |
| १२. | सेतिदेवी सिमलरुख पदमार्ग | १,००,०००।- | १,००,०००। | | | | |
| १३. | कोटगाउँ अदुवाबारी सडक निर्माण/मर्मत | २,००,०००।- | ० | जि.स.स सडक बोर्ड संग साझेदारी | ५,००,०००।- | ३५,००,०००।- | |
| १४. | ठुल्चौर कृषि सडक अधुरो निर्माण | २,००,०००।- | ० | | | | |
| १५. | रतनकोट सामुदायीक भवन निर्माण साविक-८ | १,००,०००।- | ९,००,०००।- | | | | |



CS CamScanner

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६. | ट्याक्टर खरिद | ३,००,०००।- | ८४,००,०००।- | कृषक प्रोत्साहन | ३,००,०००।- | १९,००,०००।- | |
| १७. | मेसिनरी औजार | ५८००० | | समानिकरण तथा आन्तरिक श्रोतमा परि भुक्तानी हुन बाँकी योजनाहरुको भुक्तानी | ३३६६००० | ३३६६००० | |
| १८. | विपद् प्रभावित निजि आवास निर्माण | १००००० | | | | | |
| १९. | गाउँपालिका अनुदानमा आधारित शिक्षक कर्मचारीको तलब भत्ता | १००००० | | | | | |
| २०. | पारिश्रमिक कर्मचारी | २७१००० | | | | | |
| २१. | प्रमाण पत्र छपाई | २००००० | | | | | |
| २२. | वडा संचालन | २५०००० | | | | | |
| २३. | चौमासिक अर्धवार्षिक तथा वार्षिक समिक्षा | ६०००० | | | | | |
| २४. | संचार महसुल | २५०००० | | | | | |
| २५. | विपद् व्यवस्थापन कोष | ११४००० | | | | | |
| २६. | घरभाडा | ६०००० | | | | | |
| २७. | कार्यालय सञ्चालन खर्च | २५००० | | | | | |
| २८. | पानी तथा बिजुली | ५०००० | | | | | |
| २९. | अन्य माल सामान तथा विविध | १६००००० | | | | | |
| ३०. | मंहगी भत्ता | ४०००० | | | | | |

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा

क) यस गाउँपालिकाको वडा नं. ६ मा प्रदेश समपुरक अनुदानमा सञ्चालन हुने आयोजनाको बोलपत्र आव्हान भई सारभूत रुपमा प्रभावग्राही ठहर पश्चात बोलपत्रदातासँग कार्यालयको सम्झौता भइसकेको हुँदा सम्झौता पश्चात बाँकी रहेको प्रदेश समपुरक अनुदानको रकम तोकएकै सडकमा थप स्तरोन्नतीको कार्य गर्ने तपसिलमा नबढ्ने गरी प्राविधिक लागत अनुमान तयार गरी उपयुक्त प्रकृयाबाट स्तरोन्नतीको कार्य गर्ने निर्णय गरियो ।

CamScanner

**तपसिल**

| क्र.सं. | आयोजनाको नाम | कूल विनियोजन | प्रदेशबाट प्राप्त अनुदान | सम्झौता रकम | सम्झौता पश्चात बाँकी अनुदान | स्तरोन्नती को लागि रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | विर्तटोल मिजारटोल निग्रे सडकस्तरउन्नती-प्रदेश | १,००,००,०००। | ५०,००,०००। | ५८०११४६.९५ | ४१९८८४३.०५ | ५ लाख रुपैयाँ नबढ्ने गरी |

ख) २ नं वडा अन्तर्गत सञ्चालन हुने वडा कार्यालय अधुरो निर्माण (ब्लक बिछ्याउने) आयोजनाको बोलपत्र आव्हान भई सारभूत रूपमा प्रभावग्राही ठहर पश्चात बोलपत्रदातासँग कार्यालयको सम्झौता भइसकेको हुँदा सम्झौता पश्चात बाँकी रहेको रकम तोकएकै आयोजनामा थप स्तरोन्नतीको कार्य गर्न तपसिलमा नबढ्ने गरी प्राविधिक लागत अनुमान तयार गरी उपयुक्त प्रकृयाबाट स्तरोन्नतीको कार्य गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम | कूल विनियोजन | सम्झौता रकम | सम्झौता पश्चात बाँकी रकम | स्तरोन्नतीको लागि रकम रु. |
|---|---|---|---|---|---|
| १. | वडा कार्यालय अधुरो निर्माण (ब्लक बिछ्याउने | २०००००० | १५६६८२४.८१ | ४३३१७५.१९ | सम्झौता पश्चात बाँकी रकम नबढ्ने गरी |

७. प्रस्ताव नं ७ माथि छलफल गर्दा यस आ.व २०८१/८२मा सञ्चालित देहायका आयोजनाहरुको भेरियसन आदेश सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ तथा सुनकोशी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२७ बमोजिम स्वीकृत गर्ने भनि निर्णय गरियो ।

क) सितापाइला थमडाँडा पदमार्ग निर्माण-१ कार्यका लागि भ्याट र पि.एस रकम सहित रु ८०३६२९४.३३ रकममा निर्माण व्यवसायी श्री एस. एस. डि कन्सट्रक्सन प्रालि मेलम्ची संग २०८२/०१/१० मा सम्झौता र कार्यादेश अनुसार निर्माण कार्य गर्ने क्रममा लागत अनुमानमा भन्दा बढी कार्य गर्नुपर्ने भएकोले सुनकोशी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम १२७ बमोजिम देहायको निर्णय गरियो ।



CamScanner

Ditesh

मिति २०८२ जेठ २७ गते बसेको गाउँ कार्यपालिकाको बाह्रौं बैठक

भेरियसन आदेश नं २

| क्र.सं | ठेक्का नं | SRM/Works/ROAD/NCB/081/082-10 |
|---|---|---|
| १. | निर्माण व्यवसायीको नाम | श्री SSD construction pvt.ltd Melamchi |
| २. | ठेक्का सम्झौता मिति | २०८२/०१/१० |
| ३. | सुरु लागत अनुमान (भ्याट र पि. एस रकम सहित) | रु. ९७२६६०४.४५ |
| ४. | संसोधित लागत अनुमान (भ्याट र पि. एस रकम सहित) | रु. १२६०९०५६.१९ |
| ५. | सुरुको ठेक्का रकम (भ्याट र पि. एस रकम सहित) | रु. ८०३६२९४.३३ |
| ६. | संशोधित ठेक्का रकम (भ्याट र पि. एस रकम सहित) | रु. १०३१०८९४.४९ |
| ७. | सुरु लागत अनुमानमा भएको थप घट प्रतिशत | २९.६% |
| ८. | सम्झौताको आधारमा भएको थप घट प्रतिशत | २९.६% |
| ९. | भेरियसन गर्दा नया आइटमको दररेट कायम गर्नु पर्ने वा नपर्ने | नपर्ने |
| १०. | भेरियसनमा थप हुने आर्थिक दायित्वको व्यवस्था सम्बन्धमा | रकम थप गर्नुपर्ने |

८. प्रस्ताव नं ८ विविध माथि छलफल गर्दा,

क) गृहणि महिला शसक्तिकरण कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहले बेहोर्नुपर्ने लागत साझेदारी रकम सुनिश्चितताको लागि वडा नं ६ को बार्षिक बजेट कार्यक्रममा स्वीकत भएका तर क्रार्यान्वयन हुन नसकेको भनि वडा कार्यालयबाट पत्र प्राप्त भएको हुँदा तपसिल बमोजिमका योजनाहरुलाई विविध साझेदारी शिर्षकमा रकमान्तर गरी भुक्तानी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल:

| क्र.सं | योजनाको नाम | बजेट रकम |
|---|---|---|
| १. | थापाटोल खानेपानी मर्मत | रु २ लाख |
| २. | दुब्लेडाँडा पाखावारी ट्रयाक निर्माण | रु १ लाख |
| | जम्मा | रु ३ लाख |

4416



CamScanner

ख) जिल्ला समन्वय समिति सिन्धुपाल्चोकसँग लागत साझेदारीमा यस गाउँपालिका भित्रका आगामी आर्थिक बर्षमा कार्यान्वयन हुने गरी तपसिल बमोजिमका योजनाहरु छनौट गरी जिल्ला समन्वय समिति सिन्धुपाल्चोकमा आवश्यक बजेट व्यवस्थापनको लागि पठाउने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | कार्यान्वयन हुने वडा | लागत रकम रु. |
|---|---|---|---|
| १. | सेतिदेवी सारदा मा.वि परिसर निर्माण | ७ | २० लाख |
| २. | मिजार नेपाली टोल खानेपानी योजना साविक वडा २ र ५ | ४ | २० लाख |
| ३. | भुमेश्वरी मा.वि परिसर निर्माण | ५ | १० लाख |
| ४. | पहरी बस्ती स्वास्थ्यचौकी भवन निर्माण | १ | २० लाख |
| ५. | वडा कार्यालय तला थप | ३ | २० लाख |
| ७. | हेल्थ पोष्ट खानेपानी योजना | ५ | १५ लाख |
| ८. | कोल्दोङदेवी मा.वि पहिरो नियन्त्रण | ६ | १५ लाख |
| ९. | वडा कार्यालय भवन तला थप तथा घेराबार | ४ | २० लाख |
| १०. | मिजारटोल खानेपानी योजना १३ कि.मी. | ६ | २५ लाख |
| ११. | घट्टेखोला देउराली लिफ्ट खानेपानी | २ | २५ लाख |
| १२. | डाँडा कटेरी काउले खानेपानी ट्याङ्की निर्माण | २ | ७ लाख |
| १३. | कमेरेखोला खानेपानी योजना | २ | २५ लाख |
| १४. | सिमलबोटे खानेपानी योजना | ३ | ५ लाख |
| १५. | काफलस्वाँरा खानेपानी योजना | ३ | ५ लाख |
| १६. | तित्रे खानेपानी योजना | २ | ५ लाख |
| १७. | सिमलडाँडा ८ किलो खानेपानी योजना | ६ | २० लाख |



CamScanner

ग) सुनकोशी आधारभूत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीको लागि २०८२ असार मसान्त सम्मको तलब भत्ता तपसिल बमोजिम शिर्षकबाट १३ लाख ५० हजार रुपैंयाँ सुनकोशी आधारभूत अस्पताल सञ्चालन खर्च शिर्षकमा रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

**तपसिल:**

१. पारिश्रमिक पदाधिकारी - रु ३ लाख ५० हजार

२. पारिश्रमिक कर्मचारी - रु ९ लाख

३. बोलपत्र तथा सूचना - रु १ लाख

**जम्मा रु १३ लाख ५० हजार**

साथै, सुनकोशी आधारभूत अस्पतालमा कार्यरत डाक्टरको लागि प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धमा छलफल हुँदा फागुन चैत्र बैशाख जेठ महिनाको लागि निशुल्क औषधी खरिद प्याकिङ तथा ढुवानी शिर्षकबाट रु. २ लाख १३ हजार रकमान्तर गरी भुक्तानी दिने निर्णय गरियो ।

घ) गाउँपालिकाका तपसिल बमोजिमले विविध कारणले आर्थिक सहायता माग गर्नु भएको हुँदा तपसिल बमोजिम रकम तपसिल बमोजिमको शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

| क्र.सं | नाम थर | ठेगाना | कारण | सहयोग शीर्षक | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | फुर्वा दोर्जे तामाङ | सुनकोशी ५ | मृगौला फेल | आर्थिक सहायता | रु. २५०००।- | |
| २. | भेविन राज तिमल्सिना | सुनकोशी ७ | मृगौला समस्या | आर्थिक सहायता | रु. ५००००।- | |

ङ) प्रदेश समपूरक योजना मार्फत कार्यान्वयनमा आएको विर्ता टोल, भिजार टोल, नियो सडक स्तरउन्नती वडा नं ६ को योजना संचालन गर्ने क्रममा सोही सडकखण्ड अन्तर्गत बस्तिमा भलबाढी पसेको भन्ने जनगुनासो आएको र प्राविधिक अनुगमन तथा निरिक्षण गरी हेर्दा तत्काल सडक स्तरउन्नतीको थप कार्य गर्नुपर्ने देखिएकोले ठेक्का प्रक्रियाबाट बचत रहन गएको प्रदेश सरकार मार्फत हस्तान्तरण भएको रकम र स्थानीय तहले साझेदारी गर्नुपर्ने रकममा सहित ८ लाख रुपैया बराबरको थप काम गर्ने भेरियसन आदेश दिने निर्णय गरियो ।

च) आयुर्वेद औषधालयको लागी आयुर्वेद औषधी खरिद गर्न रु २ लाख बजेट विनियोजन गरिएकोमा रकम नपुग भएको भनी औषधालयबाट माग भइ आएकोले स्वास्थ्य संस्थाहरु स्तरउन्नती तथा सेवा

विस्तार कार्यक्रम (फर्निचर, विद्युतिय सामान, मसलन्द, स्टेशनरी आदी) शिर्षकबाट रु १ लाख २३ हजार ९ सय ६८ रुपैया थप रकम आयुर्वेद औषधि कार्यको लागी उपलब्ध गराउने निर्णय गरीयो ।

छ)वडास्तरीय लैंगिक निर्देशिका सम्बन्धमा चाईल्डफण्ड जापानको आर्थिक तथा प्राविधिक सहयोगमा टुकी संघ सुनकोशीको कार्यान्वयनमा सञ्चालित विद्यालयमा लैंगिक समानता तथा सुरक्षा प्रवद्र्धन परियोजना अन्तर्गत सातवटै वडाहरुको वडास्तरको लैंगिक निर्देशिका निर्माण भई, विधायन समितिमार्फत आवश्यक पृष्ठपोषण सहित तयार भएको निर्देशिकालाई यस कार्यपालिकाबाट स्वीकृत गरी, लैंगिक समानता नीति २०८१ को अनुसूचीमा राख्ने निर्णय गरियो ।

ज) यस गाउँपालिकाको स्थानीय पाठ्यक्रमको लैंगिक समानता दृष्टिकोणबाट समीक्षा गरी १ देखि ८ सम्मको पाठ्यपुस्तकको लेखन कार्य अगाडि बढाउने निर्णय गरियों ।